पैयूँ गाउँपालिका

गाउँ कार्यपालिका बैठक

सम्वत् २०८१।०६।१५ गते

आ.ब. २०८१/८२ बैठक क्र.सं. ०४

आज मिति २०८१।०६।१५ गते पैयूँ गाउँपालिकाका अध्यक्ष एवम् गाउँकार्यपालिकाका अध्यक्ष श्री तोरण मल्ल ठकुरी ज्यूको अध्यक्षतामा देहाय बमोजिम सदस्यहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी देहाय बमोजिम निर्णय गरियो ।

| सि.नं. | नाम | पद | | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | श्री तोरण मल्ल ठकुरी | अध्यक्ष | अध्यक्ष | |
| २ | श्री याम कुमारी राना | उपाध्यक्ष | सदस्य | |
| ३ | श्री मिन प्रसाद न्यौपाने | १ नं. वडा अध्यक्ष | सदस्य | |
| ४ | श्री नरभूपाल काफ्ले | २ नं. वडा अध्यक्ष | सदस्य | |
| ५ | श्री ~~चन्द्र बहादुर थापा~~ हिमलाल भट्टराई | ३ नं. वडा का. अध्यक्ष | सदस्य | |
| ६ | श्री टुकलाल न्यौपाने | ४ नं. वडा अध्यक्ष | सदस्य | |
| ७ | श्री नारायण भुर्तेल | ५ नं. वडा अध्यक्ष | सदस्य | |
| ८ | श्री गंगाधर अधिकारी | ६ नं. वडा अध्यक्ष | सदस्य | |
| ९ | श्री तोयनाथ शर्मा | ७ नं. वडा अध्यक्ष | सदस्य | |
| १० | श्री मिठु क्षेत्री | ३ नं. वडा महिला सदस्य | सदस्य | |
| ११ | श्री चन्द्रकला न्यौपाने | ६ नं. वडा महिला सदस्य | सदस्य | |
| १२ | श्री सर्मिला नेपाली | ४ नं.बडा दलित महिला सदस्य | सदस्य | |
| १३ | श्री उमादेवी बि.क. | ५ नं.वडा दलित महिला सदस्य | सदस्य | |
| १४ | श्री फूलमाया सुनार | दलित सदस्य | सदस्य | |
| १५ | श्री बविता हिताङ | दलित सदस्य | सदस्य | |
| १६ | श्री जिवन गैरे | प्रमुख प्रशासकीय अधिकृत | सचिव | |
| १७ | श्री सरिता डुम्रे | लेखा अधिकृत | आमन्त्रित | |
| १८ | | | | |

पैयूँ गाउँपालिका

गाउँ कार्यपालिका वैठक

सम्वत् २०८१।०६।१५ गते आ.ब. २०८१/८२ बैठक क्र.सं.०४

<u>ऐजेण्डाहरु</u>

१. क्यान्सर रोगीहरुको लाभग्राही कायम गर्ने सम्बन्धमा

२. बजार अनुगमन सम्बन्धमा

३. विभिन्न कार्यविधि स्विकृत सम्बन्धमा

४. अबरुद्ध सडक संचालन तथा सरसफाई सम्बन्धमा

५. उपभोक्ता समिति गठन सम्बन्धमा

६. फोहरमैला व्यवस्थापन सम्बन्धमा

७. उपाध्यक्षसँग गर्भवती तथा सुत्केरी सन्चो विसन्चो कार्यक्रम संचालन कार्यविधि,२०७८ संसोधन सम्बन्धमा

८. कर्मचारी पदस्थापन सम्बन्धमा

९. पत्रकार महासंघ पर्वत र पैयूँ गोल्डकप एवम् पैयू भलिबल कप,२०८१ लाई आर्थिक सहयोग प्रदान गर्ने सम्बन्धमा

१०. तिजगित प्रतियोगिता खर्च अनुमोदन सम्बन्धमा

११. खानेपानी,सरसफाइ तथा स्वच्छता(WASH) सम्बन्धमा

पैयूँ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हुवास, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७३

तोरण मल्ल ठकुरी
अध्यक्ष

पैयूँ गाउँपालिका

गाउँ कार्यपालिका बैठक

सम्वत् २०८१।०६।१५ गते                    आ.ब. २०८१/८२ बैठक क्र.सं.०४

<u>निर्णयहरु</u>

१. नेपाल सरकारद्धारा मृगौला रोग, क्यान्सर, स्पाईनल इन्जुरी भई पारालाईसिस भएका बिरामीलाई जिविकोपार्जन भत्ता उपलब्ध गराउने कार्यविधि बमोजिम यस पैंयु गाउँपालिका अन्तर्गत स्थायी बसोबास गर्ने तपशिलका बिरामीलाई <u>आ.व.०८१/०८२ का लागि लाभग्राही कायम</u> गर्ने निर्णय गरियो।

| क्र.स. | नामथर | ठेगाना | लाभग्राही कायम मिति |
|---|---|---|---|
| १ | विष्णु प्रसाद भुर्तेल | ५ नं. वडा हुल्काङ | २०८१/०६/१५ |
| २ | हेमन्त प्रसाद तिवारी | ६ नं. वडा सरौखोला | २०८१/०६/१५ |

२. पैंयू गाउँपालिकाबाट गरिने बजार अनुगमन निर्देशिका, २०७५ बमोजिम यस पैयूँ गाउँपालिको क्षेत्राधिकार पर्ने बजारक्षेत्रको अनुगमन दशैं अगाडी ईलाका प्रशासन कार्यालयले गरेकाले <u>निर्देशिका बमोजिमको अनुगमन निरन्तर गर्ने गरी दशै पश्चात चाडवाडलाई</u> लक्षित गरि अनुगमन मार्फत तत्काल उपभोक्ताको गुनासो सम्बोधन गर्ने निर्णय गरिन्छ।

३. पैयूँ गाउँपालिका गाउँकार्यपालिकाको मातहतमा रहेको विधायन समितिको मिति २०८१/०६/१३ गते बसेको बैठकको निर्णय बमोजिमका कार्यविधिहरु कार्यपालिकामा पेश हुन आएकोमा उक्त कार्यविधिहरुमा आवश्यक छलफल गरी आजकै दिनमा राजपत्रमा प्रकाशन गर्ने गरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ तथा पैयूँ गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ दफा ४ बमोजिम तपशिलका कार्यविधि स्वीकृत गर्ने निर्णय गरिन्छ।

क. अपाङ्गता भएका नागरिकको स्वास्थ्य बीमा सम्बन्धी कार्यविधि, २०८१

ख. पैयूँ आधारभूत अस्पताल स्थापना तथा सञ्चालन कार्यविधि, २०८१

ग. पैयूँ गाउँपालिकाको टेम्पो, अटो रिक्सा र इ रिक्सा सञ्चालन, व्यवस्थापन तथा नियमन सम्बन्धी कार्यविधि, २०८१

घ. अनुदानमा आधारित पशु विमा कार्यक्रम सञ्चालन सम्वन्धि कार्यविधि, २०८१

ङ. कोदो उत्पादनमा प्रोत्साहन अनुदान कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१

४. पैयूँ गाउँपालिकामा वर्षायामको कारण सिर्जित बाढी, पहिरोले यस क्षेत्रको सडक अबरुद्ध गरी यातायात सञ्चालनमा कठिनाई पुर्याएको तथा नेपालीहरुको महानपर्व विजयादशमी तथा शुभदिपावलीको पावन अवसरमा यस क्षेत्रभित्र रहेका अबरुद्ध सडक सञ्चालन गर्न गाउँपालिकाको ब्याक हो लोडरबाटमात्र सम्भव नभएकाले यस कार्यालयले जारी गरेको सूचना बमोजिम यस क्षेत्रभित्र रहेका ब्याक हो लोडरको प्रयोग गरी लागत स्टमेट तथा जिल्ला दररेट बमोजिम मेसिन सञ्चालन गरी अवरुद्ध सडक खुलाउने तथा सडक सरसफाई गर्ने निर्णय गरियो। साथै उक्त सञ्चालनको खर्च यस लगत्तैको अर्को कार्यपालिकाको बैठकबाट अनुमोदन गरी पालिकको आ.व.०८१/०८२ को <u>खर्च शिर्षक विपद व्यवस्थापनबाट</u> व्यहोर्ने निर्णय गरियो।

पैयूँ गाउँपालिका कार्यालय

सम्वत् २०८१।०६।१५ गते

आ.ब. २०८१/८२ बैठक क्र.सं.०४

टेलर सहित ठूलो मेसिन प्रयोग ठाउँहरु:

क. पैंयू वडा नं.५ बानीडाँडाको पहिरो

ख. पैंयू वडा नं.५ धरादीको पहिरो

ग. पैंयू वडा नं.३ र ४ पैंयुकोट जाने बाटोको पहिरो

५. यस पैंयू गाउँपालिकाको आ.व.०८१/०८२ को वार्षिक बजेट कार्यान्वयनका लागि विगतका वर्षहरुमा योजना किताबबाट योजना कार्यान्वयन हुँदै आएकोमा उपभोक्ताहरुको माग बमोजिम यस आ.व.मा अनुसूचिबाट उपभोक्ता समितिहरुको योजना कार्यान्वयन गर्ने र २०८१ कार्तिक महिना भित्र उपभोक्ता समिति गठन गरी योजना सम्झौता वडाबाटै हुनेगरी वन्दोवस्त मिलाउने निर्णय गरियो।

६. पैयूँ गाउँपालिकाको क्षेत्रभित्र गरिदै आएको फोहर मैला व्यवस्थापन महिनामा २ पटक उठाउँदा व्यवस्थापन गर्न असहज भएको कारण कार्तिक महिनाबाट लागूहुने गरी घरबाटै फोहर बर्गिकरणका लागि अनुरोध गरी कुहिने फोहर सकेसम्म घरमै व्यवस्थापन गर्न अनुरोध गर्ने र नकुहिने फोहर महिनाको ३ पटक ढुवानी गर्नेगरी व्यवस्थापन गर्ने निर्णय गरियो। साथै आ.व.०८१/०८२ को आर्थिक ऐनमा निर्धारण गरिएको फोहरमैला व्यवस्थापन शुल्क पालिकाबाटै उठाउन आवश्यक बन्दोबस्त गर्ने निर्णय गरियो।

७. उपाध्यक्ष सँग गर्भवति तथा सुत्केरी सञ्चो विसन्चो कार्यक्रम सञ्चालन कार्यविधि-२०७८ को दफा ३(ख) मा रहेको गर्भवती महिलाले नेपाल सरकारले तोके बमोजिम कम्तिमा ४ पटक गर्भ जाचँ गरेको हुनुपर्ने व्यवस्था रहेकोमा उक्त व्यवस्थामा पैयूँ गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थामा नेपाल सरकारले तोके बमोजिम कम्तिमा ४ पटक अनिवार्य गर्भ जाचँ गरेको हुनुपर्ने गरी संसोधन गर्ने निर्णय गरिन्छ।

८. गण्डकी प्रदेश लोकसेवा आयोगबाट सिफारिस भई आएका तपशिलका कर्मचारीलाई यस गाउँपालिका क्षेत्रभित्रका तपशिलका कार्यालयमा पदस्थापन गर्ने निर्णय गरिन्छ।

| क्र.सं. | कर्मचारीको नाम | पदस्थापन कार्यालय/शाखा | पद | जिमेवारी |
|---|---|---|---|---|
| १ | सुवाश पौडेल | १ नं वडा कार्यालय | सहायक पाँचौ | स्थानीय पञ्जिकाधिकारी |
| २ | भुपेन्द्र ओली | ३ नं वडा कार्यालय | सहायक पाँचौ | स्थानीय पञ्जिकाधिकारी |
| ३ | गिता पौडेल | ५ नं. वडा कार्यालय | सहायक पाँचौ | स्थानीय पञ्जिकाधिकारी |
| ४ | राम बहादुर कोली | २ नं. वडा कार्यालय | पशु स्वास्थ प्राविधिक | स्थानीय पञ्जिकाधिकारी |
| ५ | पोषण बाँठा मगर | कृषि शाखा | प्राविधिक सहायक | कृषि शाखाको कामकाज गर्ने |
| ६ | सुशन तिवारी | राजश्व शाखा | सहायक पाँचौ | राजश्व शाखाको कामकाज गर्ने |

९. पत्रकार महासंघ पर्वतले पेश गरेको कार्यक्रम प्रस्तावना बमोजिम उक्त महासंघमा आबद्ध पत्रकारिता पेशागत व्यवसायीले वर्षभरीमा यस कार्यालयको सूचना संप्रेषण, विभिन्न चेतनामूलक सन्देश प्रवाह लगायत विभिन्न पत्रकारिता सम्बन्धि कार्य गर्नेगरी रु ४,००,०००।-(अक्षरुपि चार लाख मात्र) खर्च शिर्षक पत्रकारिता प्रवर्द्धनबाट आर्थिक सहयोग गर्ने साथै विगतका वर्षहरुदेखिनै पैयूँ गोल्डकप संचालन गर्दै आएको मर्दिखोला युनाईटेड क्लवले यस आ.व. मा खेल संचालनका लागि प्रस्तावना पेश गरेकोमा सो

पैयूँ गाउँपालिका

गाउँ कार्यपालिका बैठक

सम्वत् २०८१।०६।१५ गते आ.ब. २०८१/८२ बैठक क्र.सं.०४

खेल संचालनका लागि रु ३,५०,०००।- (अक्षरुपि तीन लाख पचास हजार मात्र) खर्च शिर्षक युवा तथा खेलकुद (युवा क्लवहरुलाई प्रस्तावनाको आधारमा अनुदान) बाट आर्थिक सहयोग गर्ने निर्णय गरिन्छ।

१०. पैयूँ गाउँपालिकाको शैक्षिक क्यालेण्डरमा रहेको आधारभूत तह स्तरीय नृत्य प्रतियोगिता हरितालिका तिजको अवसर पारी गरिएको हुँदा उक्त कार्यक्रम वृहत रुपमा संचालन गर्न शिक्षा शाखाले महिला,बालबालिका तथा जेष्ठ नागरिक शाखासँग साझेदारी गरेको हुँदा उक्त कार्यक्रममा जम्मा रकम रु १,४९,२५०।(अक्षरुपि एक लाख उनान्पचास हजार दुई सय पचास मात्र) खर्च भएकोमा अपुग रकम रु ८९,२५०।(अक्षरुपि उनान्असि हजार दुई सय पचास मात्र) खर्च शिर्षक कला भाषा संस्कृति संरक्षण तथा प्रबर्द्धन शिर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो।

११. गण्डकी प्रदेश सरकार उर्जा जलस्रोत तथा खानेपानी मन्त्रालय, खानेपानी तथा ढल व्यवस्थापन विभाग (संघीय खानेपानी मन्त्रलयको तर्फबाट) र पैयूँ गाउँपलिका बीच भएको समझदारीपत्र (MOU) अनुसार खानेपानी, सरसफाई तथा स्वच्छता (WASH) कार्ययोजना तयार गरी निम्नानुसारको तथ्याङ्क संकलन भएकाले सोही अनुसारका तथ्याङ्कक हरुको प्रयोग गरी आगामि ४ महिना भित्र खानेपानी, सरसफाई तथा स्वच्छता (WASH) सम्वन्धी योजना तयार गर्ने निर्णय गरिन्छ।

संकलन भएका तथ्याङ्कहरु

१.Inception Workshop मिति २०८१/०१/१५ गते

२.खानेपानी सरसफाई तथा स्वच्छता सम्बन्धी ऐन निर्माण भएको

३.Household Data : 334

४.School Date: 31

५.Public Toilet Data:1

६.HCF Date :10

७.उपभोक्ता समिति सम्वन्धी तथ्यांङ्क: ६

पैयूँ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हुवास, पर्वत गण्डकी प्रदेश, नेपाल २०७३

तारण मल्ल ठकुरी
अध्यक्ष